स्थानः नगरपालिकाको सभाहल

समयः बिहान ७.००

आज मिति २०७८/१/२१ गतेका दिन सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगरप्रमुख श्री कमल प्रसाद भुसालको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

कार्यपालिका बैठक नम्बरः ४५ (२०७७/०७८-१२)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | नगर प्रमुख श्री कमल प्रसाल भुसाल | |
| २. | सदस्य | उप प्रमुख श्री ठाकुर कुमार वि.क | |
| ३. | सदस्य | श्री युवराज वञ्जाडे | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री लिलाराम गौतम | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री राजेन्द्र भुसाल | |
| ८. | सदस्य | श्री कृष्ण प्रसाद आचार्य | |
| ९. | सदस्य | श्री ~~प्रितम बहादुर थापा~~ बिष्णु प्रसाद भुसाल | |
| १०. | सदस्य | श्री इश्वरी प्रसाद भुसाल | |
| ११. | सदस्य | श्री देवि बहादुर रायमाझी | |
| १२. | सदस्य | श्री लक्ष्मी नारायण चुँदाली | |
| १३. | सदस्य | श्री धुर्व राज आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री लक्ष्मी नेपाली | |
| १६. | सदस्य | श्री मान बहादुर सुनार | |
| १७. | सदस्य | श्री श्रृजना वि.क | |
| १८. | सदस्य | श्री पदमा भुसाल | पद्मा |
| १९. | सदस्य | श्री यमकला थापा क्षेत्री | |
| २०. | सदस्य | श्री बसन्ता के.सी | |
| २१. | सदस्य | श्री हिमकला टोमटा | |
| २२. | सदस्य | श्री रुपा वि.क | |
| २३. | सदस्य-सचिव | श्री कृष्णप्रसाद सापकोटा | |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | भैपरी पूँजिगत योजना | १ | १००००० | कोभिड-१९ व्यवस्थापन | |
| २. | औषधि खरिद तथा स्वास्थ्य शिविर सञ्चालन | ३ | १००००० | कोभिड-१९ व्यवस्थापन | |
| ३. | जग्गाधनी प्रमाणपूर्जा वितरण कार्यक्रम | ५ | १००००० | कोभिड-१९ व्यवस्थापन | |
| ४. | सरसफाई वडा स्तरीय सरसफाई | ६ | १००००० | कोभिड-१९ व्यवस्थापन | |
| ५. | विपद व्यवस्थापनमा गरिबी निवारण कार्यक्रम र रेडियो सूचना तथा सार्वजनिक सुनुवाइ कार्यक्रम | ७ | ९८५०० | कोभिड-१९ व्यवस्थापन | |
| ६. | भैपरी पूँजीगत | ८ | १००००० | कोभिड-१९ व्यवस्थापन | |
| ७. | सनपा ९ मा भैपरी खर्च | ९ | २००००० | कोभिड-१९ व्यवस्थापन | |
| ८. | चौतारा मन्दिर मर्मत निर्माण | ११ | ५०००० | कोभिड-१९ व्यवस्थापन | |

निर्णय नं ७.

सडकबोर्ड नेपालको मिति २०७७/१२/८ को प्राप्त पत्रानुसार यस नगरपालिकाको लागि दुवार- गच्छे स्याले पशुसेवा कार्यालय हटारी सन्धिखर्क चुत्रावेशी बजारको सडक मर्मत कार्यको लागि रु ४५०००००।र जगत हटारी गौतम बुद्धमार्ग सन्धिखर्क चुत्रावेशि बजारका भित्री सडकहरु समेत कुर भक्तिटोला घोचेखोला सडकमर्मतको लागि रु ६६०००००।नगरपालिकाको म्याचिङ्ग बाहेक स्वीकृत भई उक्त दुबै सडकको लागि रु १५८६१६६७।को लागत अनुमानमा मिति २०७७/१२/२२ को सूचना नं ५५/०७७/०७८ र सूचना नं ५६/०७७/०७८ बाट सडक मर्मत कार्यका लागि क्रमशः ३९०२६३२।र सूचना नं ५६/०७७/०७८ को सडक मर्मत रु ५१९८३६६।गरी दुबै सडकको जम्मा रु ९१००९९८।मा बोलपत्रहरु पेस हुन आएकोले उक्त शिर्षकमा बाँकी रकम सडक बोर्ड रु ४७३२४४६।र नगरपालिकाको म्याचिङ्ग रु २०२८१९२। गरी जम्मा बचत रु ६७६०६३८।बाट यस नगरपालिका वडा नं १ को तपसिल बमोजिमको सडक मर्मत गर्नको लागि सडकबोर्ड नेपालमा अनुमतिको लागि पठाउने ।

तपसिल

१. बसपार्क ओरालो भित्री सडक हुँदै साथी होटल उपल्लो गुन्टी खोला मञ्चलाइन बैंक रोड हुँदै सिँचाई मुनि पशुपति बेकरी उद्योग लाइन सडक मर्मत कार्य ।

कमल प्रसाद भुसाल
प्रमुख

मिति:२०७८/१/२१ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १.

- चालु आ.व. २०७७/०७८ का मा स्वीकृत वार्षिक कार्यक्रमहरुको हालसम्मको शाखागत प्रगति समीक्षा मिति २०७८/१/२६ गतेका दिनको ११.०० बजे देखि स्वास्थ्य सतर्कता सहित आयोजना गर्ने।

निर्णय नं. २.

- चालु आ.व.२०७७/०७८ मा मेलमिलाप सम्बन्धी आधारभुत मध्यस्थकर्ताको तालिम का लागि रु ४९५०००। चार लाख पन्चान्बे हजार विनियोजन भएकोमा उक्त कार्यक्रम सञ्चालन गर्दा विनियोजित रकममा रु ६००००।साठीहजार नपुग भएकोले नपुग रकम आ.व २०७७/०७८ को नगरविकास योजना को पेज नं ४७ को सि.नं ६२ मा खेलकुद प्रवर्द्धनात्मक कार्यक्रम अन्य मा विनियोजित रकम रु २०००००। मध्येबाट मध्यस्थकर्ताको तालिममा रु ६००००।साठी हजार थप गरी भुक्तानि गर्ने ।

निर्णय नं. ३.

- सन्धिखर्क नगरपालिकाको आ.व २०७६/०७७मा स्वीकृतको स्वीकृत कार्यक्रम अनुसार योजना सम्झौता भएको घुम्ती फुदवाङ्ग मोटरबाटोमा गत आ.व.मा भएको कामको भुक्तानी सम्बन्धमा पून मूल्याङ्कन र स्थानीयस्तर मै सार्वजनिक परीक्षणगरी प्राविधिक मूल्याङ्कनका आधारमा उक्त मोटरबाटोको रकम भुक्तानी गर्ने।

निर्णय नं. ४.

- पाणिनी बहुमुखी क्याम्पस सन्धिखर्क अर्घाखाँचीका लागि चालु आ.व.मा फर्निचर शिर्षकमा विनियोजित रु ५०००००।अक्षेरुपी रु (पाँचलाख)शैक्षिक अनुदानको रुपमा उपलब्ध गराउने।

निर्णय नं ५.

- सन्धिखर्क नगरपालिकाको धार्मिक पर्यटकीय स्थल अर्घा भगवति मन्दिरमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम संचालन सम्बन्धमा बनेको डि.पी.आर को प्रस्तुतिकरण सव इन्जिनियर श्री हरि बहादुर वोहराबाट प्रस्तुत भई उक्त योजना कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापन गर्ने ।

निर्णय नं ६.

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९)को दोश्रो भेरियन्टको संक्रमण दर यस नगरपालिकामा पनि उच्च रहेको हुँदा सोको व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गर्नु पर्ने भएकोले चालु आ.व २०७७/०७८ मा स्वीकृत देहायका योजना तथा कार्यक्रममा विनियोजित रकम हालसम्म कार्यान्वयन भएको नदेखिएकोले उक्त शिर्षकमा विनियोजित रकम कोविड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणमा खर्च गर्नका लागि सम्बन्धित वडामा अवस्थित स्वास्थ्य संस्थाको खातामा रकम निकासा दिने ।साथै रकम वडामा नभएका वडाहरुका लागि यसै बमोजिम गर्ने गरी प्रति वडा रु १ (एक, एक ) लाखका दरले विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

तपशील

| सि.न | योजना तथा कार्यक्रमको नाम | वडा नं | शिर्षकान्तर भएको रकम | हाल रकमान्तर भएको शिर्षक | कैफियत |
|---|---|---|---|---|---|



कमल प्रसाद भुसाल
प्र...